30T MNEP

# 2020

# NEPALI

## ( MODERN INDIAN LANGUAGE )

**Full Marks : 100**

**Pass Marks : 30**

**Time : Three hours**

*The figures in the margin indicate full marks for the questions.*

( New Course )

1. ***कुनै दशवटाको*** उत्तर लेख : 1×10=10

*(i)* सेर्ग्याम भनेको के हो ?

*(ii)* उपमा को अर्थ लेख।

*(iii)* पोष्यपुत्र कसलाई भनिन्छ ?

*(iv)* काशी विष्णु हलघर कति लागतमा बनाइएको थियो ?

*(v)* हाराकिरी कुन भाषाको शब्द हो ?

*(vi)* नाथ सम्प्रदायका संस्थापक गुरु को थिए ?

*(vii)* अव्यवस्थित संरचना कथामा दिवाकरले गजेन्द्रलाई कहाँ भेटेका थिए ?

*(viii)* 'बह' शब्दको अर्थ लेख।

*(ix)* मानिसले किन भक्ति गर्छन ?

*(x)* सन 1956 मा 'आँसु' गीतिकाव्य लेखो को हो ?

*(xi)* हरिभक्त कटुवालको गीत संग्रहको नाम के हो ?

*(xii)* विश्वलाई सभ्यताको प्रथम ध्वनि दिने देश कुन हो ?

2. संक्षेपमा उत्तर देऊ : ( ***कुनै सातवटाको*** ) 2×7=14

*(i)* मस्यौरा के हो ? यो कसरी बनाइन्छ ?

*(ii)* देवकोटाको जन्म कहिले कहाँ भएको थियो ?

*(iii)* कर्जा दिने विषयमा कृष्णरायको विचार कस्तो छ ?

*(iv)* विहाली हाइस्कुलको उद्घाटन कहिले कसले गरेको थियो ?

*(v)* नेपाली छोराहरूको जीवन किन अनिश्चित छ भनिएको हो ?

*(vi)* बौद्ध धर्मका दुईवटा पन्था के के हुन् ?

*(vii)* कवि धरणीधर कोइरालाका *कुनै दुई* कृतिका नाम लेख।

*(viii)* तिमी त यहाँ नचिनिने भएछौ भनेर कसलाई भनिएको हो ?

*(ix)* कैँयाको करिया भन्नाले के बुझिन्छ ?

*(x)* म रमाउन सक्ने मेरो देश कवितामा कविले विश्वलाई समेट्न सक्ने के स्रोत रेखाएका छन् ?

*(xi)* तारापति उपाध्यायको जन्म कहिले कहाँ भएको थियो ?

3. उत्तर लेख : *( कुनै नौवटा प्रश्नका )* 4×9=36

(क) हाम्रो संस्कृतिमा वर्णन गरेका चाडहरूको नाम लेखी *कुनै एक* चाडको छोटो परिचय देऊ।

(ख) ''आँखामा राखे पनि नबिझाउने''

उपरोक्त उक्ति कुन पाठको हो र यो भनाई कसकालागि र किन भनिएको हो ? स्पष्ट गराऊ।

(ग) असम प्रदेश कङ्ग्रेस कमिटिको पुरानो नाम के थियो ? यसका प्रथम सभापति को थिए र यो सभा कहाँ बसेको थियो ?

(घ) पारिजातको असल नाम के हो ? उनको संक्षिप्त परिचय प्रस्तुत गर।

(ङ) भाषाको अपभ्रंश स्तर कुन हो ? यसमा किन चर्यापदको उल्लेख गरिन्छ ? विस्तार गर।

(च) अव्यवस्थित संरचना कथामा कथाकारले समाचार पत्रको दोस्रो पृष्ठमा भएको समाचारमा के पाएका थिए ?

(छ) 'म रमाउन सक्ने मेरो देश' कवितामा कसको आदर्शले प्रताप र स्वाभिमान दिएको उल्लेख गरेका छन् ? विस्तार गर।

(ज) 'साहित्य सुधा' कविताका कविको परिचय प्रस्तुत गर।

(झ) 'नचिनिने भएछौ' कवितामा कविले कसको अतीत गौरवको कुरा गरेका छन् ?

(ञ) कविका दृष्टिमा कलिकाल कस्तो छ ? कविताका आधारमा स्पष्ट गराऊ।

(ट) किशोर कालमा किशोर किशोरीमा के के विभिन्न परिवर्तन आउँछन ? खुलाऊ।

(ठ) शिक्षा के हो ? उपनिषद अनुसार शिक्षाले मानिसलाई के दिन्छ ?

4. (क) सप्रसङ्ग व्याख्या गर : *( कुनै दुईको )* 5×2=10

*(i)* भानुभक्तले रामायण लेखे। उनको आत्मवृत्ति भविष्यलाई धाई बनी
हामीलाई केटाकेटी बनाएर काखमा हल्लाएर कथा सुनाउनका लागि।

*(ii)* एकछिन उसलाई स्वाभाविक हुन दिएपछि
म प्रश्नगर्छु, यी सेता गुलाफका फूल
हरूलाई तिमी के भन्छ्यौ ?

*(iii)* चोटमा भुक्नु होइन बरू सहनु सिकेछौ
अबत अर्कै अर्कै जस्तो भएछौ।

(iv) अन्धो पृथ्वी अन्धा हामी
हाम्रा लागि घरको दुध पानीसरि छ।

(ख) तल दिएका वाक्यहरूलाई कोष्ठकका संकेतका सहयोगले वचन परिवर्तन गर : 1×4=4

(i) निमी घर जाऊ (बहुवचन)
(ii) हामी विद्यार्थी हौं (एकवचन)
(iii) त्यो रेडियो निकै राम्रो छ (बहुवचन)
(iv) तिमी नरोऊ (बहुवचन)

(ग) प्रथम पुरूषलाई वर्गीकरण गरी उदाहरणसहित उल्लेख गर। 2+2=4

(घ) तलका वाक्यहरूलाई लिङ्ग परिवर्तन गरेर देखाऊ : 1×4=4

(i) छोरो गयो।
(ii) सानो चरो उड्यो।
(iii) केटाहरूले खाए।
(iv) सानो केटो हरायो।

(ङ) कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पुरा गर : 1×4=4

(i) हरि घर ....... (जा, भविष्यतकाल)
(ii) उनी हिजो ........ (आउ, भूतकाल)
(iii) म भात ....... (खा, वर्तमानकाल)
(iv) तिमी यही ....... (वस्, भूतकाल)

(च) तलका क्रियापदबाट धातु र प्रत्यय छुट्याऊ : 1×4=4

(i) सार्दैछ
(ii) हिँडछ
(iii) पढदैछौ
(iv) सुती।

5. ***कुनै एकका*** विषयमा निबन्ध लेख : 10

(i) परोपकार
(ii) समाज गठनमा नारी शिक्षाको महत्व
(iii) आदिकविका रूपमा भानुभक्त आचार्य
(iv) भाइटीका
(v) कारिगरी शिक्षाको महत्व।

——×——

## ( Old Course )

1. उत्तर लेख : 1×10=10

   (i) अगमको अर्थ लेख।

   (ii) 'खाँबा' भनेको के हो ?

   (iii) मोतीराम भट्टको जन्म कहिले भएको थियो?

   (iv) पञ्चपातक भनेको के हो ?

   (v) 'तरुण तपस्वी' लेख्ने को हो ?

   (vi) पुष्पलाल उपाध्यायले कुन पुस्तककालागि साहित्य अकादमी पुरस्कार पाएका थिए ?

   (vii) 'कर्म' कविताको कवि को हो ?

   (viii) कालले के लगाउँछ ?

   (ix) खाली ठाउँ पुरा गर :

   जीवन ________ हुँदै जान्छ

   अनि एक दिन ________।

   (x) सूर्य सन्तुष्ट नभएकाले कवि के गर्न चाँहदैनन् ?

2. संक्षेपमा उत्तर देऊ : 2×7=14

   (i) 'मालसिरी' के हो ? यो कहिले गाइन्छ ?

   (ii) 'आयुर्वेदिक स्टडीज' के हो ? यो कहिलेदेखि कहाँबाट प्रकाशित हुन्छ?

   (iii) 1930 मा 'भौतिकशास्त्रमा' नोबल पुरस्कार पाउने को थियो ? उनको जन्म कहिले भएको थियो ?

   (iv) प्रोफेसर हार्डलीले रमानुजनलाई के गरिदिए ?

   (v) मेरा बारीका भाते करेला पाठमा समय साकिएपछि को कहाँ लुक्ने कुरा गरिएको छ ?

*(vi)* चन्द्रकिशोरले 'आत्म कथन' भनेर केलाई भनेका थिए ?

*(vii)* मुख्यत: कथा कति किसिमका हुन्छन् र के के हुन्?

3. ***कुनै नौवटा*** प्रश्नका उत्तर लेख : 4×9=36

*(i)* जर्ज एम. टी. मान्टन अनुसार साहित्यको कर्त्तव्य के हो भनिएको छ?

*(ii)* हाम्रा संस्कृतिमा वर्णन गरेका चाडहरूको नाम लेखी *कुनै एक* चाडको छोटो परिचय देऊ।

*(iii)* प्रह्लादको शील हरण गर्नुको तात्पर्य लेख।

*(iv)* वेतार तरङ्ग कसले आविष्कार गरेका थिए र यसलाई कसले विश्वव्यापी बनायो?

*(v)* भाते करेलाको महानतालाई मेरा बारीका भाते करेला निबन्धमा कसरी सिद्ध गरिएको छ ? छलफल गर।

*(vi)* विध्वस्त जीवन कथामा भएकी युवतीका जीवनमा के कस्तो हुण्डरी आयो?

*(vii)* चन्द्र किशोर को हुन् ? उनले मधुकरसँग किन क्षमा मागेका थिए? विस्तार गर।

*(viii)* नातिराजा को हो ? कथामा उसको भूमिका कस्तो छ लेख।

*(ix)* हनुमान लङ्कामित्र पसेको विबरण प्रस्तुत गर।

*(x)* मुनियाँ के हो ? मुनियाँलाई कसले किन पालेको थियो ?

*(xi)* कर्म कवितामा जीवन जिउनु पर्ने सन्देश कस्तो छ ?

*(xii)* भाइटीका लगाउन दिदी बहिनीहरूले के कस्तो तयारी गर्छन्?

4. (क) सप्रसङ्ग व्याख्या गर : 5

हिजोको कुण्ठित क्षणहरूलाई
    क्षितिज मन्तिरै छोडेर आऊ